# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, माघ १ गते २०३६ साल [ अतिरिक्ताङ्क ५४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट श्री के. बी. शाहीको राष्ट्रिय पञ्चायतको सदस्यताको अवधि यही २०३६ साल पौष मसान्तमा समाप्त भएकोले राष्ट्रिय पञ्चायतको मनोनीत हुन बाँकी रहेको रिक्त सदस्य पदमा श्री के. बी. शाहीलाई नेपालको संविधानबमोजिम मनोनीत गरिबक्सेको छ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका सचिव

५११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट केही मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीहरूको राष्ट्रिय पञ्चायतको सदस्यता यही २०३६ साल पौष मसान्तमा समाप्त भई रिक्त रहेको हुँदा प्रधानमन्त्रीको सिफारिशमा नेपालको संविधानबमोजिम श्री के. बी. शाहीलाई पुनः मन्त्री पदमा नियुक्त गरिबक्सी देहायबमोजिम कार्यविभाजनसमेत गरिबक्सेको छ।

| मन्त्री | कार्यविभाजन |
|---|---|
| १. मन्त्री श्री बालाराम घर्ती मगर– | रक्षा र स्वास्थ्य। |
| २. मन्त्री श्री मरिचमान सिंह– | जल विद्युत्, सिंचाइ र कानून तथा न्याय। |
| ३. मन्त्री श्री के. बी. शाही– | परराष्ट्र। |
| **राज्यमन्त्री** | |
| १. राज्यमन्त्री श्री डम्बरबहादुर बस्नेत– | पर्यटन। |
| २. राज्यमन्त्री श्री डम्बरबहादुर मल्ल– | निर्माण तथा यातायात र संचार। |
| ३. राज्यमन्त्री श्री विजयप्रकाश थेवे– | खाद्य तथा कृषि र उद्योग तथा वाणिज्य। |
| **सहायक मन्त्री** | |
| १. सहायक मन्त्री श्री ओमकारप्रसाद गौचन– | स्वास्थ्य। |
| २. सहायक मन्त्री श्री जीतबहादुर नेपाली– | गृह तथा पञ्चायत। |
| ३. सहायक मन्त्री श्री राजबहादुर शाह– | गृह तथा पञ्चायत। |
| ४. सहायक मन्त्री श्री सन्तकुमार चौधरी– | भूमिसुधार। |

अरू कार्य विभाजन यथावत नै रहेको छ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

राजसभा स्थायी समितिका सम्माननीय सभापति श्री भूपालमान सिंह कार्की आफ्नो निजी काम र साइटिकाको जाँच गराउन कलकत्तातर्फ जान २०३६ साल माघ ७ गतेदेखि १० दिन बिदामा बस्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको राजसभा स्थायी समितिको सभापतिको कामकाज सोही समितिका सम्माननीय सदस्य श्री बालकृष्ण समले सो समितिको कार्यवाहक सभापति भई सम्हाल्नु हुनेछ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९२